जनकपुरधाम उप-महानगरपालिका
জয়নকরধামউঁপ-মহানগরপানিকা
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्या:०८२/०८३
चलानी नं. :

प्रथम पटक प्रकाशित
मिति २०८२/१२/०१

## फोहोरमैला व्यवस्थापन स्थलका लागि जग्गा भाडामा दिनका लागि निवेदन माग गरिएको सूचना

यस जनकपुरधाम उप-महनगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि जग्गा आवश्यक भएकोले उप-महानगरपालिकालाई जग्गा दिन यस ज.उ.म.न.पा.क्षेत्रभित्रका जग्गाका इच्छुक जग्गाधनीहरूबाट देहायका शर्तहरूको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र यस कार्यालयमा निवेदन दिन सूचित गरिन्छ।

शर्तहरू:

१. जग्गा एकै ठाउँमा हुनु पर्ने छ। साँध सीमाना मिल्दो जग्गा भए फरक फरक जग्गाधनीहरू मिलेर पनि आवश्यक जग्गा दिने गरी निवेदन दिन सकिनेछ।

२. निवेदनका साथमा नेपाली नागरिकताको प्रमाण पत्र, जग्गा धनी दर्ता प्रमाणपत्र, चालु आ.व.कोमालपोत तिरेको रसिद, जग्गाको नक्सा संलग्न राखी जग्गाधनी स्वंय यस कार्यालयमा उपस्थित भै निवेदन दिनु पर्नेछ। स्वंय उपस्थित हुन नसक्ने जग्गाधनीले प्रचलित कानुन बमोजिम प्रतिनिधि/वारेस तोकी पठाउनु पर्नेछ।

३. जग्गाले वस्ती समुदाय, विद्यालय ,बाटोघाटो,कुलोपैनी,मसानघाट,सार्वजनिक जग्गा चरनक्षेत्र, वन क्षेत्र, सार्वजनिक/ सामुदायिक भवन, कार्यालयहरू,नदीनाला आदिको क्षेत्र अतिक्रमण नगरेको, जग्गाको स्वामित्व तथा हकभोग सम्वन्धमा कुनै करकिचलो नभएको,मोही नभएको गाडी जान सक्नेबाटो भएको र वस्ती तथा विद्यालय भन्दा कम्तीमा एक कि.मी. टाढा रहेको हुनुपर्नेछ।

४. निवेदनमा जग्गा कुन दरमा भाडामा दिने हो स्पष्ट हुने गरी अंक र अक्षरमा खुलेको हुनुपर्नेछ।

५ .यस सम्वन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालायमा सम्पर्क गर्न सकिने छ।(सम्पर्क व्यक्तिः श्याम ठाकुर,सरसफाई शाखा प्रमुख,मो नं. ९८५४०२८७२५)

(मेही लाल यादव)
नि. प्रमुख प्रशासकीय अधिकृत
वरिष्ठ उप-सचिव दशौं तह